बैठक संख्या : ६५

मिति :- ०७६/१०/२० गते सोमवार

समय :- दिनको ८.०० बजे

कमलामाई नगरपालिकामा नगर प्रमुख श्री खड्ग वहादुर खत्रीज्यूको अध्यक्षतामा निम्नानुसारको उपस्थितिमा कार्यपालिकाको बैठक बस्यो ।

**उपस्थिति**

| | |
|---|---|
| श्री खड्ग बहादुर खत्री | नगर प्रमुख |
| श्री मन्जु देवकोटा | उप प्रमुख |
| श्री महेश खतिवडा | वडाअध्यक्ष - १ |
| श्री नवराज थिङ | वडाअध्यक्ष - २ |
| श्री खड्ग प्रसाद चौलागाई | वडाअध्यक्ष - ३ |
| श्री महेन्द्र प्रसाद ढकाल | वडाअध्यक्ष - ४ |
| श्री पूर्ण बहादुर खड्का | वडाअध्यक्ष - ५ |
| श्री उज्ज्वल कुमार थापा | वडाअध्यक्ष - ६ |
| श्री कुर्ण बहादुर घिसिङ | वडाअध्यक्ष - ७ |
| श्री टिका बहादुर मुक्तान | वडाअध्यक्ष - ८ |
| श्री देवराज पौडेल | वडाअध्यक्ष - ९ |
| श्री रामहरी ढुङ्गेल | वडाअध्यक्ष - १० |
| श्री राम बहादुर थिङ | वडाअध्यक्ष - ११ |
| श्री ललित बहादुर आले | वडाअध्यक्ष - १२ |
| श्री किरण माझी | वडाअध्यक्ष - १३ |
| श्री जितलाल अधिकारी दनुवार | वडआध्यक्ष - १४ |
| श्री शिव कुमारी रायमाझी | कार्यपालिका सदस्य |
| श्री कान्ता ढकाल | कार्यपालिका सदस्य |
| श्री रुद्र कुमारी कार्की | कार्यपालिका सदस्य |
| श्री पदम कुमारी बस्नेत | कार्यपालिका सदस्य |
| श्री सुनिता सार्की | कार्यपालिका सदस्य |
| श्री केशर बहादुर नेपाली | कार्यपालिका सदस्य |
| श्री झौला अधिकारी दनुवार | कार्यपालिका सदस्य |
| श्री नरेश विश्वकर्मा | कार्यपालिका सदस्य |
| श्री पुरुषोतम सुवेदी | सदस्य- सचिव |

**निर्णय नं. १ :-** नगर खेलकुद विकास समिति गठन कार्यविधि ,२०७६ को परिच्छेद ३ वुदा नं. ४ मा व्यवस्था भएको समितिमा कमलामाई नगरपालिका वडा नं ५ निवासी श्री दिपेन्द्र फुयाल, वडा नं ६ निवासी श्री शिवजी कार्की र वडा नं .१ निवासी श्री देव गोलेलाई समितिको सदस्य मा मनोनयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २ :-** लिलाम सम्वन्धी कार्यविधि, २०७६ , कृषक समुह गठन व्यावस्थापन कार्यविधि, २०७६ र भकारो तथा गोठ सुधार कार्यक्रम संचालन कार्यविधि ,२०७६ विद्येयक समितिमा पठाउने निर्णय गरियो ।

**निर्णय नं. ३ :-** पाचौ नगरसभाबाट छनोट भएका सम्झौता हुन बाकी रहेका योजनाहरुको वडा कार्यालयको सिफारिस सहित जनश्रमदान वापतको रकम उपभोक्ता समितिले माघ मसान्त भित्र बैंकमा जम्मा गरी यस नगरपालिकामा निवेदन पेश गरी सक्नु पर्नेछ । उक्त अवधि भित्र उपभोक्ता समिति सम्पर्कमा नआएमा ठेक्का प्रकृयाबाट कार्य अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. ४ :-** विद्यालय पूर्वाधार तर्फ प्राप्त भएको रु.१५००००००। (एक करोड पचास लाख) नमूना विद्यालय व्यावस्थापन निर्देशिका ,२०७४ अनुसार खर्च गर्ने गरी नमूना मा.वि.फोस्रेटारलाई उपलव्ध गरउने निर्णय गरियो ।

**निर्णय नं. ५ :-** १४ नं. वडा कार्यालयबाट ढुंगा निकासी वापत निकासीकर्ताले रसिद नं.१९२३५ बाट एकमुष्ट रु.३७४१९४।१४ को रसिद काटि नगरपालिकामा रकम जम्मा गरेको र पछि निकासी प्रयोजनको लागि पुन रसिद नं.७०१ देखि ७९३ सम्म रु.३८१९७२।५६ को रसिद काटिएकोमा पहिले संकलन भएको रु.३७४१९४।१४ दोहोरो पर्न गएको रकम घटाई बढी रकम रु.७७८२।४२ थप आम्दानी रकमलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७ :-** चालु आ.व.को त्रैमासिक समिक्षाको लागि कार्यालयको तर्फबाट पेश भएको प्रतिवेदनहरु छलफलका लागि पठाउने र छलफलको निश्कर्ष सहित लेखा समितिमा आगामी कार्यापालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८ :-** नक्सापास तथा भवन निर्माणमा आईपरेका समस्याहरुको सन्दर्भमा सम्वन्धित वडा कार्यालयबाट समस्याहरुको विवरण तयार गरि ७ दिन भित्र नगरपालिकाको कार्यालयमा पेश गर्ने र सो पश्चात नगर कार्यपालिकावाट टोली गठन गरी अध्ययनको लागि पठाउने र सो टोलीको प्रतिवेदन नगर कार्यपालिकाको वैठकमा पेश गर्न लगाउने निर्णय गरियो

**निर्णय नं. ९ :-** सिन्धुली बहुमुखी क्याम्पस लाई वडा नं ४ स्थित मिलनचोक ढुङ्गेवास जाने वाटो ग्वाङखोला किनारमा रहेको ऐलानी जग्गा प्रयोगका लागि माग गरेकोमा उक्त जग्गा को प्राविधिक ले नाप जाच गरि क्याम्पसलाई भौतिक निर्माण गर्नको लागि आवश्यक पर्ने हद सम्मको जग्गा मात्र उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १० :-** कमलामाई नगरपालिका वडा नं. ९ सानोभलुवाई - ईनारपानी हुदै वथानचौडी -झाक्रीटोल सडक चैतन्य मार्ग समेत को विस्तृत आयोजना प्रतिवेदन सम्वन्धीत परामर्शदाता Technocrat Consultancy Pvt. Ltd Kathmandu वाट प्रस्तुत भए अनुसार स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११ :-** उपभोक्ता समिति गठन ,परिचालन तथा व्यवस्थापन सम्वन्धी -दोश्रो शंसोधन कार्यविधि ,२०७६ को वुदा नं ४ को (ञ) पछि **"उपभोक्ता समिति गठनको क्रममा**

**विवाद भएमा नगर उप प्रमुख को रोहवरमा उपभोक्ता समिति गठन भई आए पश्चात सम्झौताको प्रक्रिया अगाडी वढाउन"** र वुदा नं. (११) को १० नं पछि **"कार्य सम्पन्न पश्चात वडा कार्यालयवाट कार्य सम्पन्नको सिफारिस नभएमा नगरस्तरीय अनुगमन समितिको सिफारिसमा नगर कार्यपालिको वैठकको फरफारक गर्न सक्ने छ "** वुदा थप गर्ने निर्णय गरियो

**निर्णय नं.** १२ :- सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्याविधी ,२०७५ को वुदा नं. २२ मा व्यवस्था भए अनुसार उपलब्ध गराउदै आएको सामाजिक सुरक्षा भत्ता तेश्रो चौमासिक वाट उक्त रकम वैक मार्फत भत्ता वितरणको लागि वडा कार्यालयहरुवाट पूर्ण सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.** १३ :- कमलामाई नगरपालिका वडा नं २ अर्न्तरगत ढुङ्गेभन्ज्याङ्गमा होमस्टे संचालनको लागि निम्न अनुसार को प्रमाण -पत्र उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.** १४ :- कमलामाई नगरपालिका को आगामी चैत्र १४ गते २३ औ स्थापना दिवसको उपलक्ष्यमा विभिन्न कार्यक्रम सहित नगर प्रमुखको सयोंजकत्वमा उप- प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, विषयगत समितिका अध्यक्षहरु सदस्य र प्रशासन शाखा प्रमुख सदस्य सचिव रहेको मुल समिति गठन गरि कार्यक्रम भव्यताका साथ मनाउने निर्णय गरियो ।

**निर्णय नं.** १५ :- कमालमाई नगरपालिका वडा नं.१३ मा अटो मोवाईल सेन्टर संचालनको लागि प्रदेश सरकार लाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.** १६ :- प्रदेश सरकार उद्योग ,पर्यटन वन तथा वातवरण मन्त्रालय वागमति प्रदेश हेटौडा ,मकवानपुर वाट नमूना पर्यटकीय ग्राम छनौटका लागि प्रस्ताव आव्हान सम्बन्धी मिति २०७६।१०।१२ गते दोश्रो पटक प्रकाशित सुचना अनुसार कमलामाई नगरपालिका वडा नं. १० भडार मा पर्यटकीय ग्राम निर्माण का लागि प्रदेश सरकारमा पठाउने निर्णय गरियो ।

**निर्णय नं.** १७ :- प्रदेश सरकार उद्योग ,पर्यटन वन तथा वातवरण मन्त्रालय वागमति प्रदेश हेटौडा ,मकवानपुर वाट मिति २०७६।१०।१७ , चं.न १४२१ को प्राप्त पत्र अनुसार कमलामाई नगरपालिका को वडा नं. ८, १०, ११, १२ र १३ मा उद्योग ग्राम तथा भौतिक पूर्वाधार निर्माण गर्न को लागि औद्योगिक ग्राम घोषणा तथा संचालन सम्बन्धी कार्यविधि ,२०७५ को अनुसुचि १ वमोजिमको परिक्षण सूचि भरि प्रदेश सरकारमा पठाउने निर्णय गरियो ।

**निर्णय नं.** १८ :- कमलामाई नगरपालिका वडा नं. १ र ११ मा नेवा सँगको सहकार्यमा खानेपानी निर्माण सम्बन्धी कार्यक्रम संचालन गर्न का लागि वडा कार्यालयवाट सिफारिस प्राप्त भए अनुसार को रकम म्याचिग फन्ड वापत आयोजनालाई उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.** १९ :- समपुरक कोष तर्फ विनियोजित रकम मध्ये संघ तथा प्रदेश सरकारवाट विभिन्न कार्यक्रम प्राप्त भएको भएता पनि मा कमलामाई नगरपालिका वडा नं ५ र ८ मा पूर्व निर्धारित सडकमा कालोपत्रे गर्न समपुरककोषवाट थप रकम प्राप्त नभएको हुदा पूर्व प्रस्ताव अनुसार उक्त सडक खण्डहरुमा रु.१/१ करोडको स्तरन्नोति कार्य गर्ने र नपुग रकम विभिन्न टेण्डर प्रक्रियावाट घटन गई वाकी रहेको रकमवाट मिलान गर्ने निर्णय गरियो ।